मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं ।**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरको निर्यात व्यापारमा थोरै सुधार

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ मकवानपुर जिल्लाबाट भारत तथा तेस्रो मुलुकमा हुँदै आएको निर्यात व्यापारमा वृद्धि भएको छ ।

आर्थिक वर्ष २०८०/८१ को अनुपातमा गत आर्थिक वर्ष २०८१/८२ मा निर्यातमा वृद्धि भएको हो । गत आर्थिक वर्षमा मकवानपुरबाट निर्यातमूलक उद्योग र व्यावसायिक प्रतिष्ठानले गरी ४० करोड ४२ लाख ७९ हजार ९४३ रुपैयाँ बराबरको निर्यात गरेको उत्पत्तिको प्रमाणपत्र जारी गर्दै आएको मकवानपुर उद्योग वाणिज्य संघले जनाएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा ३५ करोड ४५ लाख ७४ हजार छ सय रुपैयाँ बराबरको निर्यात भएको थियो । संघका अनुसार गत आवमा भएको निर्यात आव २०७८/७९ मा भन्दा कम हो ।

आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा मकवानपुर जिल्लाबाट भएको निर्यात व्यापारमा गिरावट आएको थियो । संघका वरिष्ठ उपाध्यक्ष दीपक उप्रेतीले निर्यातजन्य उद्योगलाई प्रोत्साहित गर्ने सरकारको नीतिको अभावमा निर्यात व्यापार अपेक्षा अनुसार नबढेको बताएका छन् । उनले लगानीमैत्री वातावरण बनाएर निर्यात व्यापार वृद्धि गर्न निर्यातजन्य उद्योगलाई सरकारले थप सुविधा दिनुपर्नेमा जोड दिए । आर्थिक वर्ष २०७९/८० मा मकवानपुरका निर्यातमूलक उद्योग र व्यावसायिक प्रतिष्ठानले एक अर्ब १५ करोड २१ लाख ६० हजार ५६६ रुपैयाँ बराबरको निर्यात गरेका थिए ।




संघका अनुसार आर्थिक वर्ष २०७८/७९ मा यस जिल्लाबाट उद्योग र व्यावसायिक प्रतिष्ठानले गरी एक अर्ब ५५ करोड ५६ लाख ८० हजार १२९ रुपैयाँ बराबरको निर्यात गरेका थिए । गत आर्थिक वर्षमा मकवानपुरबाट थप दुई उद्योगले निर्यात गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा छ वटा उद्योगले निर्यात गरेमा गत आवमा आठ वटा उद्योगले आफ्नो उत्पादन निर्यात गरेका हुन् । बहुर्राष्ट्रिय कम्पनी युनिलिभर नेपाल लिमिटेड र सिद्धिश्री इन्डस्ट्रिज प्रालिले आफ्नो उत्पादन निर्यात गरेका हुन् । युनिलिभर नेपाल लिमिटेडले लामो समयको अन्तरालपछि आफ्नो उत्पादन भारत निकासी गरेको हो ।

बिर्को निर्यात गर्दै आएको प्याक्ट ग्रुप क्लोजर सिस्टम इन्टरनेसनल (नेपाल) प्रालिको यस जिल्लाबाट हुने निर्यातमा ठुलो हिस्सा रहेको छ । भारतसहित तेस्रो मुलुक फिजी र अस्ट्रेलियामा निर्यात गर्दै आएको उद्योगले गत आर्थिंक वर्ष ३२ करोड ५४ लाख एक हजार ७१५ रुपैयाँ बराबरको निकासी गरेको संघले जनाएको छ । प्याक्ट ग्रुप क्लोजरपछि नेपाल इकरात इन्जिनियरिङ कम्पनी प्रालि र इभान्स लाइफ साइन्सेस प्रालिको निर्यात व्यापारमा बढी योगदान रहेको छ । नेपाल इकरातले ट्रान्सफर्मर र इभान्स लाइफ साइन्सेसले लोठसल्लाको पाउडर निकासी गर्दै आएको छ ।

अघिल्लो आर्थिक वर्ष पफ भारत निर्यात गरेको खजुरीको नेपाल प्रालिले गत आर्थिक वर्ष निकासी गरेन । भारत, अस्ट्रेलिया, फिजी, बंगलादेश, भुटान र संयुक्त अरब इमिरेट्समा गत आवमा निकासी भएपनि सबैभन्दा बढी भारततर्फ निर्यात भएको संघको तथ्यांक छ ।

आर्थिक वर्ष २०७८/७९ मा एक व्यापारिक प्रतिष्ठान र चार वटा उद्योगले भारत र तेस्रो मुलुकमा खाद्यपदार्थसहित औद्योगिक उत्पादन निर्यात गरेका थिए । संघले सिराहा जिल्लामा रहेको आफ्नो उत्पादन भारत निकासी गर्ने हिमालयन कत्था उद्योग प्रालिका लागि समेत उत्पत्तिको प्रमाणपत्र हेटौंडाबाट नै जारी गर्दै आएको जनाएको छ ।

# थप कार्यक्रम गर्ने निर्णय, जनप्रतिनिधिको २ दिने आन्दोलन सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिहरुले वडा नम्बर १ का अध्यक्ष तथा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेमाथि भएको आक्रमणको विरोधमा थालेको दुईदिने आन्दोलन सोमबार सकिएको छ ।




सांघातिक आक्रमण भएको एक महिना बितिसक्दा पनि आक्रमणकारीलाई पक्राउ नगरेको विरोधमा जनप्रतिनिधिले जिल्ला प्रशासन कार्यालय, मकवानपुर परिसरबाट सेवाप्रवाह गरेर सांकेतिक आन्दोलन गरेका थिए । आन्दोलनरत जनप्रतिनिधिले आइतबार दुईघण्टा जिल्ला प्रशासन कार्यालय परिसरबाट सेवाप्रवाह गरेका थिए भने सोमबार एकघण्टा मात्रै सेवाप्रवाह गरे ।

उपमहानगरका उपमेयर राजेश बानियाँसहित १० वटा वडाका अध्यक्षहरुको सहभागिता रहेको आन्दोलनमा नेपाली कांग्रेसका जिल्लास्तरका नेताको समेत समर्थन रहेको थियो । प्रशासन परिसरमै सांकेतिक आन्दोलन गर्दा पनि छलफलका लागि प्रशासन कार्यालयबाट कुनै पनि पहल नभएको प्रवक्ता न्यौपानेले बताए । बैठक बसेर थप आन्दोलनका कार्यक्रमहरु तय गर्ने उनले जानकारी दिए ।

गत असार ४ गते वडा कार्यालयमा काम गरिरहेको अवस्थामा प्रवक्ता न्यौपानेमाथि सांघातिक आक्रमण भएको थियो । आक्रमणकारीलाई पक्राउ गर्न प्रहरी प्रशासनले चासो नदिएको भन्दै जनप्रतिनिधिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ र जिल्ला प्रहरी प्रमुख विश्वराज खड्काको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका छन् । दोषीलाई तत्काल पक्राउ गरी कानूनी दायरामा ल्याउनुपर्ने उनीहरुको माग रहेको छ ।

# प्रेस युनियनको अभियान, कक्षा १२ उत्तीर्णलाई मात्र सदस्यता दिइने

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ नेपाल प्रेस युनियन मकवानपुरले सदस्यता नवीकरण तथा नयाँ सदस्यता प्रदान गर्ने उद्देश्यसहित सयदिने विशेष अभियान सञ्चालन गर्ने भएको छ ।

साउन ४ गते आइतबार काठमाडौंमा सम्पन्न युनियनको केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार यो अभियान सञ्चालन गरिने मकवानपुर शाखाले जनाएको छ । अभियानअन्तर्गत कक्षा १२ उत्तीर्ण गरेका क्रियाशील सञ्चारकर्मीलाई मात्र नयाँ सदस्यता प्रदान गरिने प्रेस युनियन मकवानपुरका अध्यक्ष सुबास बिडारीले स्पष्ट पारेका छन् । सोमबार हेटौंडामा सम्पन्न नेपाल प्रेस युनियन मकवानपुरको कार्यसमिति बैठकले जिल्ला उपाध्यक्ष कपिल खड्काको संयोजकत्वमा सञ्चार कर्मीलाई युनियनमा आवद्ध गराउने उद्देश्यले 'पत्रकारसँग युनियन' अभियान सञ्चालन गरिने निर्णय गरिएको छ ।

बैठकले केन्द्रीय निर्णय कार्यान्वयन गर्दै मकवानपुरमा संगठन सुदृढीकरणका विविध कार्यक्रम अघि बढाउने निर्णय गरेको छ । बैठकले प्रेस युनियन मकवानपुरका सहसचिव प्रबेश धिताल 'कुन्दन'लाई कार्यवाहक सचिवको जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ । युनियनका सचिव बलराम पुडासैनी हाल देश बाहिर रहेकोले संगठनको कार्यलाई निरन्तर रुपमा गतिशील र चलायमानरुपले सञ्चालन गर्न धिताललाई कार्यवाहक सचिवको जिम्मेवारी दिइएको हो ।

हेटौंडा सन्देश डटकमका कार्यकारी सम्पादकसमेत रहेका प्रेस युनियनकर्मी सोमलाल घालन 'भुवन'लाई कार्यसमिति सदस्यमा मनोनित गरिएको छ । युनियन मकवानपुर शाखाले अनुशासनको कारवाहीमा परेर निष्कासित भएका सदस्यहरुलाई केन्द्रको सर्कुलरबमोजिम आत्माआलोचना सहित कारवाही फुकुवाको लागि शाखामा लिखित निवेदन दिन आव्हान गरेको छ ।

Hetauda School of Management
"कडा अनुशासन, स्तरीय शिक्षा"
ADMISSIONS OPEN
Study
COMPUTER SCIENCE IN GRADE 11
under Management and Science faculty
ENROLL NOW



Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np
For inquiry: 9855074222

"Quality Education With No Compromises"
HETAUDA CITY COLLEGE / ZENITH
ADMISSION OPEN
FOR GRADE 11
ENROLL NOW
COURSES WE OFFERS :
- Science
- Management
  - Computer Science
  - Mathematics
  - Business Studies
- Law
- Hotel Management



Hetauda-5, Piple, Makawanpur
9855077417 / 9855069444 / 057-520750

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५१०३३३

साझाकुरा

## हाम्रो कुरा

# लक्ष्य नभटेको राजश्व

बागमती प्रदेश सरकारले आर्थिक वर्ष ०८१/८२ मा लक्ष्यको ८४ प्रतिशत मात्रै आन्तरिक आय संकलन गरेको छ । गत आर्थिक वर्षमा प्रदेशले चार अर्ब ५३ करोड ८४ लाख रुपैयाँ आन्तरिकआय संकलन गर्ने लक्ष्य लिएको थियो । तर, असार मसान्तसम्म तीन अर्ब ८१ करोड ५८ लाख रुपैयाँ मात्रै संकलन भएको मन्त्रालयले जनाएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा तीन अर्ब ६६ करोड २० लाख रुपैयाँ संकलन गरेर ९७ दशमलब ५२ प्रतिशत लक्ष्य पूरा गरेको थियो । राजश्व संकलन गर्ने मामलामा सरकारको लगानी कमजोर देखिएको छ । राजश्व संकलन गर्न सकिने क्षेत्रको अध्ययनमा सरकारले लगानी गर्न सकेको छैन । यो समस्या प्रदेश सरकार र स्थानीय सरकारमा पनि छ । सम्भाबित क्षेत्रको अध्ययन हुनै सकेको छैन । बागमती प्रदेश सरकारले राजश्व संकलनको क्षेत्र निर्धारण गर्न र आन्तरिक आय बढाउन कार्यदल गठन गरेको थियो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यावहारिक तथा वैज्ञानिक बनाउने गरी नेपाल सरकारका पूर्वसहसचिव किशोरजंग कार्कीको संयोजकमा ५ सदस्यीय कार्यदल बनाएर काम गर्ने बताएको थियो । प्रदेशको आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने गरी कार्यदल बनाएर अध्ययन थाल्ने मन्त्रालयले जनाएको थियो । प्रदेशको नीति तथा योजना आयोगको पहलमा कन्सल्ट्यान्ट मार्फत कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्था विश्लेषण गर्ने तयारी भइरहेको आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले बताएका थिए । कार्यदलले अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेस गरेको पनि हो । तर, त्यो सबै देखाउने दाँत मात्र साबित भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको तथ्यांकअनुसार प्रदेशले आन्तरिकआयतर्फ सवारीचालक अनुमतिपत्र (लाइसेन्स), ब्लुबुक नवीकरणबापत दुई अर्ब २५ करोड ८९ लाख रुपैयाँ राजस्व संकलन गरेको छ भने वन क्षेत्रको आयबापत दुई करोड ११ लाख रुपैयाँ, व्यवसाय रजिस्ट्रेसन दस्तुरबापत ३५ करोड ९८ लाख रुपैयाँ संकलन भएको छ । प्रदेशले यातायातक्षेत्रको आम्दानीबापत ६६ करोड २८ लाख रुपैयाँ, परीक्षा शुल्कबापत १२ करोड ३७ लाख रुपैयाँ, पर्यटन शुल्क र पदमार्ग शुल्कबापत क्रमश: ६९ हजार र ५१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कृषिक्षेत्रको आयकरतर्फ १३ हजार रुपैयाँ, कृषिउत्पादनको बिक्रीबापत तीन करोड ६९ लाख सात हजार रुपैयाँ र अन्य स्रोतबाट प्राप्त हुने रोयल्टीबापत १४ लाख ४३ हजार रुपैयाँ राजस्व संकलन गरेको मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा कुल अनुमानित राजस्व संकलन भने लक्ष्यको ९४ प्रतिशत संकलन भएको छ । प्रदेशले ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएकोमा असार मसान्तसम्म ६० अर्ब ७४ करोड ७५ लाख रुपैयाँ संकलन गरेको हो । राजस्व बाँडफाँटबाट प्राप्त हुने आम्दानीमा ८३ प्रतिशत संकलन भएको छ । यो शीर्षकबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजस्व प्राप्त हुने अनुमान लिएकोमा २४ अर्ब ५३ करोड ४० लाख रुपैयाँ संकलन गरेको हो । घरजग्गा रजिस्ट्रेसन दस्तुरबापत ७९.९१ प्रतिशत (६ अर्ब १५ करोड ३० लाख रुपैयाँ), मूल्यअभिवृद्धि कर ९३.९२ प्रतिशत (आठ अर्ब नौ रकोड ४१ लाख रुपैयाँ), अन्त:शुल्क ७८.४१ प्रतिशत (दुई अर्ब ८९ करोड ६१ लाख रुपैयाँ) र सवारीसाधन कर ८२.३१ प्रतिशत (६ अर्ब १७ करोड ३५ लाख रुपैयाँ) संकलन भएको मन्त्रालयले जनाएको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदानलक्ष्यको ७३ प्रतिशत मात्रै प्राप्त भएको छ । प्रदेशले संघीय सरकारबाट गत आर्थिक वर्षमा निर्धारित १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँमध्ये ११ अर्ब ९६ करोड ७८ लाख रुपैयाँ प्राप्त गरेको जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ७ गते बुधबार २३ जुलाई २०२५ । चतुर्दशी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२३, सूर्यास्त ६:५६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दु:ख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# कानुन निर्माण र संशोधन अझै अपुरो



✍डा. सुमनकुमार रेग्मी

वि.सं. २०५७ देखि २०८२ आउँदा पनि संशोधनका तयारी बुरु गरिएका विभिन्न ऐनहरु र नयाँ बनाउनुपर्ने दजैनौं ऐनहरु बनेका देखिँदैनन् । मिल्नुपर्ने बुँदाहरु नमिलाउँदा ऐनहरु संशोधन र निर्माणमा ढिला भएको देखिन्छ । सरकार नै चुपचाप बसेकाले प्रक्रिया अघि बढ्न सकेको देखिँदैन । कैयौं मस्यौदा तयार भइसकेको अत्यावश्यकीय ऐनहरु कैयौं वर्षदेखि दराजमा अथवा कम्प्युटरमा थन्किएर बसेका पनि थुप्रै उदाहरण छन् । सरकारी ढिलासुस्तीका कारण दराजमै थन्किएर बसेको विशेष आर्थिक क्षेत्र ऐन अर्थात् सेज पनि बनिसक्यो ।

औद्योगिक व्यवसाय ऐन बन्यो तर विद्युत् ऐनजस्ता कैयौं ऐन सरकारी उदासीनताका कारण बेवास्तामा परेका छन् । ताकेता गर्दा गर्दै यस्ता विधेयकहरु संसद्मा नै आउन सकेको देखिँदैन । सरकारले आफ्नो नीति तथा कार्यक्रम, बजेटसहित सरोकारवाला निकायको कार्यक्रममा आवश्यक कार्य गर्ने भनिए पनि पूरा आर्थिक वर्षमा यस्ता ऐनहरु नआई बित्छ । यस्तो प्रतिबद्धता विगत, आगामी र चालू आर्थिक वर्ष २०८१/८२ मा पनि गरिएकै देखिन्छ ।

जनाइएअनुसार आउनुपर्ने आर्थिकसँग सम्बन्धित ऐन, नीति र नियमावलीमध्ये ८० प्रतिशत ऐनहरु अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्दछन् ।सुधारको घोषणा गरिएका ऐन-नीति-नियमावलीहरुमा कम्पनी ऐन, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, दामासाही ऐन, ऋण तथा जमानत ऐन, एन्टी डम्पिङ ऐन, औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तण ऐन, विशेष आर्थिक क्षेत्र अर्थात् सेज ऐन, श्रम ऐन, विद्युत् ऐन, विद्युत् नियमन आयोग ऐन, करार खेती ऐन, सार्वजनिक गोदाम ऐन, भूउपयोग ऐन, वनपैदावर आपूर्ति ऐन, वित्तीय जवाफदेहिता ऐन, सार्वजनिक ऐन, विदेशी व्यापार नियमन ऐन, एकीकृत बौद्धिक सम्पत्ती ऐन, सार्वजनिक गोदाम व्यवस्थापन तथा सञ्चालन ऐन, गुणस्तर ऐन, राजस्व बोर्ड ऐन, सम्पत्ती व्यवस्थापन कम्पनी ऐन, मध्यस्थता ऐन, घर तथा जग्गा कारोबार ऐन, वातावरण ऐन, नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐन, बैंकिङ कसुर ऐन छन् । यी मध्ये कुनै ऐन बने त अरु ऐन बन्न बाँकी छन् ।

अन्य ऐन बनाउन घोषित ऐनहरुमा विदेशी विनिमय नियमित गर्ने ऐन, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, बिमा ऐन, सहकारी संस्था सुपरीवेक्षण र नियमन ऐन, लघु वित्त ऐन, निक्षेप तथा कर्जा सुरक्षण ऐन, गैर आवासीय नेपाली ऐन, कमोडिटी ऐन, भ्रष्टाचार विरुद्धको ऐन, सैनिक ऐन, निजीकरण ऐन, कर कानुनहरु, क्योटो अभिसन्धी अनुसारको भन्सार ऐन, विदेशी लगानी नीति, बौद्धिक सम्पत्ति नीति, नेपाल व्यापार एकीकृत रणनीति २०२३, सार्वजनिक खरिद नियामावली, गैरआवासीय नेपाली नियामावली र अरु थुप्रै छन् । यी ऐनहरुमध्ये केही मात्र बनेका देखिन्छन् तर धेरै बन्न बाँकी छन् ।

उल्लिखितमध्ये केही थोरै ऐन बने । धेरै बन्न बाँकी नै छन् । केही त ऐन बन्ने प्रक्रियामा रहँदा फिर्ता पठाइने गरेको पनि देखिन्छ । उदाहरणका रुपमा बाफिया, अनलाइन सञ्चार निर्देशिका आदि अन्य पनि छन् । यस लेखमा उल्लिखित बन्न बाँकीमध्ये केही बने, केही अझ बन्न बाँकी छन् । देवानी संहिता-सिभिल कोर्टसहित माथि सम्झिएका बन्न बाँकी ऐनहरु देशको औद्योगिक विकास र रोजगार वृद्धिका लागि ती ऐन कानुनीरुपमा आउनै पर्ने अत्यावश्यक भएको देखिन्छ । अरु तयार गर्नुपर्ने विधेयकहरुमा गरिबी निवारणका लागि रोजगारी प्रत्याभूति विधेयक २०६९, दुर्लभ लोपोन्मुख र संरक्षित वन्यजन्तु तथा वनस्पति अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण विधेयक २०६७, आर्थिक कार्यविधि विधेयक, पारस्परिक कानुनी सहायता विधेयक, सुपुर्दगी विधेयक, संगठित अपराध निवारण विधेयक आदि अरु थुप्रै छन् । यी बनेका ऐनहरुमध्ये गैर आर्थिक ऐनहरु कम बनेका छन् ।

अर्थतन्त्रसँग सम्बन्धित ऐन, विद्युत् ऐन, श्रम ऐन, बैंक तथा वित्तीय संस्था ऐनको सुधार एवं नयाँ बनाउन अति आवश्यक बताइन्छ । अर्थतन्त्रसँग सम्बन्धित सेज ऐनबाहेक अरु पुरानै हुन् । पुराना कानुन र विश्व व्यापार संगठनसँग सदस्यता लिनुपूर्व र पछि नयाँ बनाउनुपर्ने, संशोधन गर्नुपर्ने दायित्व अझ पूरा भएको देखिँदैन । देशको व्यापार घटाउन सेजको भूमिका महत्वपूर्ण रहेको बताइन्छ । २०१३ अघि नै विश्व व्यापार संगठनअन्तर्गतका कृषिलगायत अरु क्षेत्रका प्रावधान पूरा गर्न तीव्रता दिए पनि २०८२ आउँदा ती तयारी अवस्थामा छैनन् । यी त २००८ मा नै प्रतिबद्धता पूरा हुनुपर्ने थियो । कृषि, पशु र अरु थुप्रै क्षेत्रका ऐनहरु आउनुपर्ने र नयाँ बन्नुपर्ने बताइएको छ । साथै खाद्य ऐन, स्टान्डर्ड नापतौल ऐन, कालोबजार ऐन २०३२ र अरु पनि संशोधन गरी आउनुपर्ने बताइएको थियो ।

उपभोत्तता हित संरक्षणविरुद्ध कानुन उपभोक्ता अदालत निर्माण भएको र कार्यान्वयनको शून्यताले कालोबजारीको जालो बढ्दो छ । पेट्रोल चुहावटमा वार्षिक कम्तीमा १५ अर्ब रुपियाँ अपचलन भएको आँकलन गरिएको छ । २०७२ को भारतीय नाकाबन्दी हट्नासाथ कालोबजारी नहटेको बताइन्छ । नाकाबन्दीमा मात्रै कालोबजारी भएको होइन भनिन्छ । बूढा ऐन कार्यान्वयनमा छैनन् । ती बूढा ऐनहरु कालाबजारीलाई निरुत्साहित गर्न र उपभोक्ताका हित प्रत्याभूत गर्न नेपालमा कानुन छन् तर ती धेरै पुराना भइसके । कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२ धेरै पुराना भए ।

नियमनविनाको कमोडिटिज र स्टक एक्सचेन्ज बजारबाट ठगिएको गुनासो भई नै रहेको देखिन्छ । कारोबार गर्ने सफ्टवेयरबाट चलखेल गर्नेदेखि कमाएको रकमसम्म नदिने गुनासो फेरि ग्राहक र ब्रोकरले गर्न थालेको देखिन्छ । सट्टेबाजीको मात्र काम गर्ने एक्सचेन्ज खुलेको भने ११ वर्षभन्दा बढी भएको छ । कमोडिटिज कारोबारमा संलग्न एक्सचेन्ज कम्पनीहरु कैयन् भइसकेको ब्रोकर बताउँछन् । अलिक ठूलो कारोबार हुन थालेपछि सफ्टवेयर मा गडबडी गरेर ग्राहकलाई घाटा बनाएको देखिन्छ । तसर्थ कमोडिटिज एक्सचेन्ज नियमनको लागि ऐनको निर्माण र समय-समयमा संशोधन हुँदै जानुपर्दछ । वि.सं. २०७० तिर यससम्बन्धी ऐनको मस्यौदा तयार भएको थियो । विभिन्न देशमा कमोडिटिज एक्सचेन्जको नियमन शेयर बजारकै नियामकले गर्ने गरेको देखिन्छ ।

सन् १९९० मा शुरु गरिएका उद्योग, वाणिज्य, ऊर्जा, बैंकिङ र वित्तीय क्षेत्रका नीति, नियम र कानुनको अभ्यासको मूल्यांकन गर्दै दोस्रो चरणको सुधारका घोषणा नभएकाले ऐन बनाउन तथा संशोधन गर्न ढिलाइ भएको हो कि ? कानुन आउन ढिलाइ भएर समस्या भइरहे निर्देशिकासहित कार्यविधि नीतिगतरुपमा ल्याएर पनि लगानीमैत्री वातावरण बन्न सक्दैन ? तर यी सबै मस्यौदा एवम् विधेयक तयार भए पनि संसद्को पखाईमा सदैप रहेको देखिन्छ । अब त राजनितिक अस्थिरता छैन । किनभने नयाँ संविधान प्राप्त गरिसकेको छ । नेपाल सन् १९९२ पश्चात् खुला अर्थतन्त्रमा प्रवेश गरेलगत्तै शुरु भएको सशस्त्र द्वन्द्व र त्यसपछि संविधान २०७२ बन्नुअघिसम्म पनि राजनीतिक संक्रमणले आवश्यक ऐन-कानुन आउन नसकेको बताइन्छ । धेरैजसो ऐनका मस्यौदा तयार भए पनि पहिलेकै संसद्मा रहेको र केहीका मस्यौदा पनि बन्दै गरेको बताइन्छ ।

अझ पनि स्थानीय तह, प्रदेश र व्यवस्थापकीय संसद्को चुनाव नहुन्जेल राजनीतिक संक्रमणकाल भनिएको थियो । विद्यमान श्रम ऐनलाई प्रतिस्थापन गर्न बनेको विधेयक र सामाजिक सुरक्षा विधेयकलाई संसद्बाट पास गरी श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम आ.व. २०७३/७४ बाट प्रारम्भ गरिने भनिएको थियो । २०८२ आइपुग्दा नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लिखित भए पनि विधेयक अधुरा भएका छन् । यसै कार्यक्रममा नेपालको समग्र राष्ट्रिय हितका लागि राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिने भनिएको छ । साथै राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी कानुन तर्जुमा गरिने उल्लेख छ । आगामी वर्षहरुमा सरकारको कार्यक्रममा नै संविधानसँग मेल नखाने १९३ वटा कानुनहरु सम्मानित सदनबाट संशोधन भइसकेका छन् भनिएको छ । साथै थप १३८ कानुनहरुको निर्माण आगामी आर्थिक वर्षहरुमा गरिने कुरा उल्लेख छ । यिनीहरुमध्ये केही मात्र कानुन भएका छन् ।

प्रतिस्पर्धी र तुलनात्मक लाभ हुने निकासीजन्य वस्तुहरुको विकास र बजार विविधीकरण गरी विश्व बजारमा निर्यात गर्न वाणिज्य नीति २०२३ र नेपाल एकीकृत व्यापार रणनीति २०२३ को प्रभावकारी कार्यान्वयनमा जोड दिइने कार्यक्रममा उल्लेख छ । साथै अन्तर्राष्ट्रिय बजारको सम्भावना बढ्दै गएको तयारी पोशाक उद्योगको विकास र विस्तार गर्न सिमरामा २ वर्षभित्र सबै पूर्वाधार पुऱ्याउने गरी विशेष आर्थिक क्षेत्र निर्माण कार्य अघि बढाइने भनिएको थियो । मूल आर्थिक प्रशोधन क्षेत्र अर्थात् सेज कानुन नबनेको दशकौंपछि कानुन आएको छ, भइसकेको छ ।

नयाँ र पुरानासहित ५९ विधेयक २०८१ माघ १८ देखि संसद्मा पेस हुने भनिएको थियो । यस अधिवेशनमा करिब ३० विधेयक संसद्मा पेस गर्ने तयारी अवस्थामा छ । विगतमा दर्ता भई २३ विधेयक संसद्मा विचाराधिन अवस्थामा रहेका थिए । जारी भएका ६ अध्यादेश पनि दर्ता पेस हुने अवस्थामा थिए । यीमध्ये ५ पास भए । । हिउँदे संघीय संसद् अधिवेशन २०८१ माघ १८ मा शुरु भएको थिया । २०८१ चैत्र २०८१ सम्म पनि पाँच अधिवेशन चालू थिए । २०८० सम्ममा कुल ३ सय ऐन बनाउनुपर्नमा ११८ बनेका र १८२ ऐन बनाउन बाँकी थिए । पछिल्ला अधिवेशनमा करिब ३० विधेयक संसद्मा लैजाने तयारी भएको थियो । अघि नै दर्ता भएका २३ विधेयक संसद्मा विचाराधिन अवस्थामा थिए । सरकारले ल्याएका अध्यादेशका कारण संसद् बैठक शुरुदेखि पेचिलो हुने देखिएको थिए ।

सरकारले संसद् अधिवेशनमा जबर जस्ती अध्यादेश ल्याएको भन्दै विरोधमा उत्रन प्रतिपक्ष तयारीमा छन्, सरकार भने अध्यादेशलाई जति सक्दो पास गराउने रणनीतिमा रहेको छ । यसको बचाउका लागि सरकार पक्ष र प्रतिपक्ष लागेको छ । सरकारले जारी गरेका अध्यादेश संसद् अधिवेशनमा शुरु भएको दिनमै पेस गर्नुपर्ने संवैधानिक प्रावधान रहिआएको छ ।

६ अध्यादेश २०८१ माघ १८ मा प्रतिसभामा र राष्ट्रिय सभा दुवैमा पेस गर्ने सूची रहेको संसद् सचिवालयले बताएको थियो । दुवै संसद्ले स्वीकार नगरे वा त्यसमाथि कुनै निर्णय नलिएर सदनको बैठक बसेको ६० दिनपछि अध्यादेश स्वत: निष्क्रिय हुने प्रावधान छ । प्रतिपक्ष दल अस्वीकार गरियोस् भन्ने सूचना सदनमा दर्ता गराउने तयारीमा थिए । संसद्मा रहेको विधेयक फिर्ता नगरी अध्यादेश ल्याइएको थियो । यस्तो तवरले अध्यादेश ल्याउनु संसदीय मूल्य-मान्यता विपरीत देखिन्छ । गलत तरिकाले अध्यादेश ल्याएमा विपक्षी दल सशक्तरुपले अगाडि बढ्नेछ । प्रतिपक्ष दलले महँगी र भ्रष्टाचार जस्ता विषयमा अगाडि बढ्ने भनिएको थियो । त्यसैले अवस्था अलि गन्जागोल छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# कुलिङ पिरियड : सिद्धान्तबाट बाहिर गइसकेको बहस

✍कुनालसिंह चौहान

**अमेरिकामा उच्च सरकारी कर्मचारीले अवकाशपश्चात् एकदेखि दुई वर्षसम्म निजी क्षेत्रमा लबिङ गर्न वा आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित कम्पनीहरूमा काम गर्न नपाउने नियम छ । ऐनमा मुख्य सारवान् व्यवस्था तथा दण्ड सजायको व्यवस्था उल्लेख गरिन्छ । कुलिङ पिरिड आफैंमा सारवान् विषय हो कि आचार संहिताको विषय हो ? सो सम्बन्धमा हाम्रो कानुन बनाउने निकायको खासै ध्यान पुग्न सकेको देखिँदैन ।**

हाल केही दिनयता पत्रपत्रिका, सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा एउटा पदावलीले खुब स्थान तथा चर्चा पाएको देखिन्छ, त्यो पदावली हो– कुलिङ पिरियड ।

'संघीय निजामती सेवा विधेयक २०८०' मा समावेश गरिएको एक महत्त्वपूर्ण प्रावधान हो 'कुलिङ पिरियड'को विषय, जुन केही कारणवश अत्यन्तै विवादास्पद बन्न पुगेको देखिन्छ । यो व्यवस्थाले निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाशप्राप्त व्यक्तिलाई अवकाशपछि निश्चित अवधिसम्म (प्रस्तावित दुई वर्ष) संवैधानिक निकायहरू तथा अन्य कूटनीतिक तथा सरकारी नियुक्तिमा नियुक्त हुनबाट रोक लगाउने उद्देश्य राख्छ । यसको मुख्य उद्देश्य अवकाशको मुखमा राजनीतिक नेतृत्वलाई प्रभावित पारेर संवैधानिक वा राजनीतिक नियुक्ति हासिल गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु र संवैधानिक निकायको निष्पक्षता कायम गर्नु हो । यस विषयको पक्ष तथा विपक्षमा थुप्रै तर्क प्रस्तुत गर्न सकिन्छ । विश्व परिवेशमा यसको प्रयोग कस्तो छ र हाम्रो संवैधानिक व्यवस्थाले यसलाई कसरी अंगीकार गर्छ भन्ने विषयमा यो आलेख केन्द्रित छ ।

विश्वका विभिन्न मुलुकमा सरकारी कर्मचारी, राजनीतिज्ञ वा उच्च पदस्थ व्यक्तिहरूको नियुक्तिमा निष्पक्षता कायम गर्नका लागि कुलिङ पिरियडको अवधारणाको प्रयोग गरिन्छ । यस्तो व्यवस्थाले कर्मचारीहरू सेवाबाट बाहिरिएपछि तुरुन्तै प्रभावशाली पदमा नियुक्त हुनबाट रोक्छ, जसले 'स्वार्थको द्वन्द्व' कम गर्छ ।

संयुक्त राज्य अमेरिकामा संघीय सरकारबाट उच्च कर्मचारीहरू (जस्तै : कार्यकारी तहका कर्मचारी, सैन्य अधिकारी) का लागि 'इथिक्स इन् गभर्नमेन्ट एक्ट १९७८' र अन्य निकायले कुलिङ पिरियड लागु गर्छ । त्यहाँ उच्च सरकारी कर्मचारीले अवकाशपश्चात् एकदेखि दुई वर्षसम्म निजी क्षेत्रमा लबिङ गर्न वा आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित कम्पनीहरूमा काम गर्न नपाउने नियम छ । उदाहरणका लागि रक्षा मन्त्रालयका पूर्वकर्मचारीले रक्षासम्बन्धी कम्पनीमा तुरुन्तै काम गर्न पाउँदैनन् ।

युरोपेली संघको सन्दर्भमा हेर्ने हो भने युरोपेली आयोगका आयुक्त र उच्च कर्मचारीका लागि १.५ वर्षदेखि दुई वर्षको कुलिङ पिरियड लागु हुन्छ । यो अवधिमा उनीहरूले आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित निजी कम्पनी वा लबिङ कार्यमा संलग्न हुन पाउँदैनन् । पूर्वयुरोपेली आयुक्तहरूले आफ्नो कार्यकाल समाप्त भएको १८ महिनासम्म निजी क्षेत्रमा समान प्रकृतिको काम गर्न नपाउने नियम छ । यो व्यवस्थालाई 'कोड अफ् कन्डक्ट फर कमिसनर्स'मा समावेश गरिएको छ ।

भारतमा 'अल इन्डिया सर्भिसेज ( एआईएस) का कर्मचारीका लागि कुलिङ पिरियडको व्यवस्था छ । अवकाशपश्चात् एक वर्षसम्म उनीहरूले निजी क्षेत्रमा काम गर्न वा राजनीतिक दलमा संलग्न हुन सरकारको पूर्वस्वीकृति लिनुपर्छ । यो नियम 'अल इन्डिया सर्भिसेज (डेथ-कम रिटायरमेन्ट बेनिफिट्स) रुल्स, १९५८' मा उल्लेख छ । भारतमा यो नियम निजामती कर्मचारीका साथै सैन्य र अन्य सरकारी सेवामा पनि लागु हुन्छ ।

क्यानडामा 'कन्फ्लिक्ट अफ् इन्टेरेस्ट एक्ट' अन्तर्गत सार्वजनिक पदाधिकारीहरू (मन्त्री, सासंद उच्च कर्मचारी)लाई अवकाशपश्चात् १ देखि २ वर्षसम्म लबिङ गतिविधिमा संलग्न हुन वा आफ्नो पूर्वकार्यक्षेत्रसँग सम्बन्धित निजी कम्पनीमा कार्य गर्न निषेध गरिएको छ । यो अवधिमा कुनै कर्मचारीले यस्तो काम गर्न चाहेमा 'कन्फ्लिक्ट अफ् इन्टेरेस्ट एन्ड इथिक्स कमिसनर'को स्वीकृति आवश्यक हुन्छ । यस्तै, प्रकारको व्यवस्था अस्ट्रेलियामा 'कोड अफ् कन्डक्ट अफ् मिनिस्टर्स' र 'पब्लिक सर्भिस एक्ट, १९९९' अन्तर्गत मन्त्री र उच्च सरकारी कर्मचारीले अवकाशपश्चात् १८ महिनासम्म लबिङ वा सम्बन्धित क्षेत्रमा काम गर्न नपाउने नियम रहेको छ ।

अब कुलिङ पिरियडको व्यवस्था हाम्रो संवैधानिक व्यवस्था तथा मर्मसँग मेल खाए वा नखाएको सम्बन्धमा विश्लेषण गर्न अपरिहार्य हुन जान्छ । हाम्रो संविधानको धारा १७ मा स्वतन्त्रताको हकबारे व्यवस्था गरिएको छ । धारा १७ को उपधारा (२) को खण्ड (च) मा 'नेपालको कुनै पनि भागमा पेसा, व्यवसाय, रोजगार गर्नेह उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता' प्रदान गरिएको छ । त्यसैगरी धारा १८ मा सबै नागरिक (अवकाश प्राप्त कर्मचारी समेत) कानुनका दृष्टिमा समान हुनेछन् भनी समानताको हकबारे उल्लेख गरिएको छ । प्रस्तुत विषयमा सबैभन्दा महत्त्वपूर्ण कानुनी व्यवस्था धारा ४८ को खण्ड (ग) दृष्टिगत गर्नुपर्ने हुन्छ । उक्त खण्डमा 'राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु' नागरिकको कर्तव्य हुने कुरा उल्लेख छ । यस सन्दर्भमा व्यवस्थापिकाले ऐन बनाएर संविधानमा उल्लेख भएको राज्यको चाहनालाई आवधिक रूपमा रोक्न वा बन्देज लगाउने किसिमको कानुन बनाउन पाउने वा नपाउने भन्ने प्रश्नको उत्तर खोज्नुपर्ने देखिन्छ ।

कुलिङ पिरियडको व्यवस्था निजामती सेवा ऐनमा राख्नु कतिको उपयुक्त तथा सान्दर्भिक हुन्छ, सोतर्फ खासै विश्लेषण गरेको देखिँदैन । निजामती सेवा ऐनको मुख्य ध्येय भनेको सामान्यतया: शासन व्यवस्था सञ्चालनको सारथीका रूपमा रहने कर्मचारी प्रशासनलाई सञ्चालित तथा व्यवस्थित गर्नु हो । अब उक्त ऐनमै यसरी बन्देज, रोकथाम लगाउने गरी कुलिङ पिरियडबारे उल्लेख गर्नु भनेको बिहेको निमन्त्रणा पत्रमा मलामी जाने निम्तो समेत उल्लेख गर्नुसरह हो । माथि चर्चा गरिएझैं कुनै पनि मुलुकमा सेवा सञ्चालन व्यवस्थित गर्ने ऐनमा उक्त कुरा उल्लेख गरेको पाइँदैन । प्राय:जसो मुलुकमा या त नियमावली बनाएर कि त आचार संहितासम्बन्धी कानुन बनाएर सो कुरालाई सम्बोधन गरेको पाइन्छ । सामान्यत: ऐनमा मुख्य सारवान् व्यवस्था तथा दण्ड सजायको व्यवस्था उल्लेख गरिन्छ । कुलिङ पिरिड आफैंमा सारवान् विषय हो कि आचार संहिताको विषय हो ? सो सम्बन्धमा हाम्रो कानुन बनाउने निकायको खासै ध्यान पुग्न सकेको देखिँदैन । यसरी मुख्य ऐनमै उक्त व्यवस्था उल्लेख गर्नाले खासगरी अवकाशको मुखमा रहेका कर्मचारीमा अवकाशपछि त दुई वर्षसम्म केही पो गर्न पाइँदैन भन्ने विषादयुक्त सोचको विकास हुनाले नैराश्यता बढ्न सक्ने कुरालाई समेत विचार गर्नुपर्ने हुन्छ ।

अर्को महत्त्वपूर्ण प्रश्न विचारणीय के देखिन्छ भने प्राय: मुलुकमा कर्मचारी तथा मन्त्रीहरूको स्वार्थ बाझिने निजी क्षेत्रमा संलग्न हुनबाट तथा लबिङ गर्नबाट कुलिङ पिरियडको व्यवस्थाले रोक लगाएको देखिन्छ । हाम्रो सन्दर्भमा कुलिङ पिरियडलाई लिएर निजी क्षेत्रको विषय मौन छ । यस्तै राज्यको शासन प्रणालीमा वर्षौं बिताएका कर्मचारीको सीप, ज्ञान, कौशलतालाई मुलुकको विकास तथा समृद्धिका लागि प्रयोगमा लिनुपर्नेमा उल्टै रोक तथा बन्देज लगाइएको छह ऐनको उद्देश्य संविधानको मर्मविपरीत रहेको हो कि भन्ने आशंका रहन्छ । आफ्नो जीवनको बहुमूल्य समय राज्य सेवामा खर्चिने कर्मचारीले आर्जन गरेको सीप कौशलतालाई राज्यले पुन: अधिकतम प्रयोगमा लिनुको साटो उक्त कुरालाई बन्देज लगाउनु भनेको राज्य तथा शासन व्यवस्थाको नेतृत्व गर्ने निकायमा नैतिकताको खडेरी तथा राजनीतिक अपरिपक्वता रहेको विषयलाई समेत संकेत गर्छ ।

अन्त्यमा, प्रस्तुत लेखमा कुलिङ पिरियडको पक्ष तथा विपक्षमा तार्किक विश्लेषण प्रस्तुत गर्नुभन्दा पनि सो सन्दर्भमा विश्वका अन्य मुलुकमा रहेको व्यवस्था तथा सो व्यवस्थालाई संवैधानिक मर्मको तराजुमा तौलिएर विश्लेषणसम्म गरिएको छ ।

*(साभार: रातोपाटी)*

# अदक्ष श्रमिक पठाएर मार खेप्दै नेपाल, ३१ लाख जाँदा १८ सय दक्ष



काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनहुँ हजारौं नेपाली युवायुवती भविष्य खोज्न विदेशिन्छन् । सपनाको चाङ बोकेर बिपनामा परिणत गर्न उडेका युवापुस्ता हरेक कुरासँग सम्झौता गर्न बाध्य हुन्छन् । उनीहरू न्यून सिप र शारीरिक श्रमलाई समेत सम्झौताको केन्द्रबिन्दुमा राख्न बाध्य हुन्छन् । हरेक वर्ष न्यून सिपसहित विदेशिने युवा संख्या बढिरहेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकले समेत यसलाई पुष्टि गर्छ । विगत पाँच आर्थिक वर्ष (२०७७/७८ देखि २०८१/८२) मा ३१ लाख ४८ हजार ६ सय ७८ नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिए । तर, उच्च दक्ष जनशक्तिको हिस्सा नगन्य छ । १ हजार ८ सय ५५ जना मात्रै उच्च दक्ष जनशक्ति विदेश पुगेको सरकारी तथ्यांक छ । जबकि, गत आव २०८१/८२ मा ८ सय १५ विदेशीले नेपालमा 'उच्च दक्ष' श्रमिकका रूपमा काम गर्न श्रम स्वीकृति लिएका थिए ।

सरकार आफ्ना नागरिकलाई सामान्य सिपसहित श्रम बजार पठाउन बाध्य छ । अर्कातिर, विदेशी दक्ष जनशक्तिलाई रोजगारी दिइरहेको छ । गत आवको तथ्यांक श्रम स्वीकृति लिएर नेपालमा काम गर्ने उच्च दक्ष विदेशी जनशक्तिको मात्रै हो । तर, भारत, बंगलादेश लगायतबाट काम गर्न आउनेको तथ्यांक सरकारसँग छैन । सुन बनाउने कालिगड वा धारा बनाउने प्लम्बर, भारत तथा अन्य देशको भर पर्नु पर्ने बाध्यता छ । तर, नेपाली भने सामान्य सिपका भरमा विदेशिन बाध्य छन् ।

नेपालले किन उच्च दक्ष जनशक्ति उत्पादन र निर्यात गर्न सकिरहेको छैन ? यो प्रश्नको जवाफ कसैसँग छैन । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) ले पेसाहरूको अन्तर्राष्ट्रिय मापदण्ड (इन्टरनेसनल स्ट्यान्डर्ड क्लासिफिकेसन अफ अकुपेसन्स) तयार पारेको छ । जसमा कुन पेसाका लागि कस्तो खालको सिप हुनुपर्ने भन्ने उल्लेख छ ।

### श्रम बजार नै कम दक्ष जनशक्तिमा आधारित

श्रम क्षेत्रका अनुसन्धाता जीवन बानियाँले नेपाली श्रमिकका हकमा आईएलओका मापदण्ड पूरा गर्न नसकिएको बताए । नेपालबाट जाने अधिकांश श्रमिकको प्रमुख गन्तव्य मलेसिया र खाडी देश हुन् । समस्याको एउटा प्रमुख जड यहीँबाट सुरु हुने गरेको बानियाँको भनाइ छ । उनका अनुसार ती देशको श्रम बजारको संरचना नै कम दक्ष जनशक्तिमा आधारित छ ।

'हाम्रा प्रमुख गन्तव्य देशहरू जस्तै मलेसिया, कतार, साउदी अरब र यूएईमा मुख्यतया निर्माण, सरसफाइ र उत्पादन जस्ता क्षेत्रमा कम दक्ष र अर्धदक्ष श्रमिकको माग उच्च छ,' बानियाँ भन्छन्, 'उनीहरूले उच्च दक्ष र व्यावसायिक पदहरूमा 'साउदीकरण' जस्ता नीति लिएर आफ्नै नागरिकलाई प्राथमिकता दिन्छन् । यसले गर्दा नेपाली दक्ष जनशक्तिका लागि ती देशमा अवसर स्वतः सीमित हुन पुग्छ ।'

श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले समेत उच्च दक्ष नेपालीको रोजाइमा खाडी देश नपर्ने बताए । 'जो व्यक्ति साँच्चै उच्च दक्ष छ, उसले राम्रो तलब, सामाजिक सुरक्षा र स्थायी बसोबासको अवसर खोज्दै युरोप, अमेरिका वा अस्ट्रेलिया जाने प्रयास गर्छ,' उनी भन्छन्, 'युरोप जानेहरूको मुख्य उत्प्रेरणा नै केही समयपछि परिवारलाई पनि लैजान र उतै सेटल हुन पाइन्छ भन्ने हुन्छ । खाडीमा त्यो सम्भावना छैन ।'

नेपालको श्रम बजार दुई कित्तामा बाँडिएको उनको बुझाइ छ । एकातिर उच्च दक्ष जनशक्ति जो पश्चिमा मुलुक जान चाहन्छ, अर्कातिर बाँकी जनशक्ति जसको गन्तव्य खाडी र मलेसिया हो, जहाँ माग नै कम सिपको छ । यसले गर्दा माग र आपूर्तिबीच खाडल फराकिलो बन्दै गएको उनको भनाइ छ ।

### युरोपको सपना र खाडीमा डेढ लाखको बाध्यता

कुन देश जाने भन्ने श्रमिकको सिपभन्दा उसको आर्थिक हैसियतले निर्धारण गरिरहेको नेपालको भनाइ छ । युरोप जाने सिप र इच्छा भएर पनि १०-१५ लाख रुपैयाँ तिर्न नसक्ने व्यक्ति अन्ततः डेढ लाख तिरेर खाडी देश जान बाध्य हुने गरेको उनको भनाइ छ ।

खाडी जान करिब डेढ लाख, मलेसिया जान करिब ३ लाख र युरोप जान १० लाख वा त्यसभन्दा बढी खर्च लाग्ने गरेको भन्दै उनले श्रमिकहरू सिप र दक्षताका आधार भन्दा आर्थिक अवस्था तथा ऋण पत्याउन सक्ने आधारमा गन्तव्य रोज्ने गरेको नेपालले बताए ।

'यो बाध्यताको उपज हो । पैसा नभएकै कारण सिप भए पनि सही बजारमा पहुँच हुन सकेको छैन । जसले १० लाख तिर्न सक्छ, ऊ युरोप जान्छ, चाहे उसको सिप सामान्य नै किन नहोस्,' श्रम तथा आप्रवासन विज्ञ नेपाल भन्छन्, 'जसले डेढ लाखमात्र जुटाउन सक्छ, ऊ खाडी जान्छ, चाहे ऊ जतिसुकै दक्ष किन नहोस् ।' यसले नेपालको दक्ष जनशक्तिलाई पनि कम मूल्यको श्रम बजारमा धकेलिरहेको उनको बुझाइ छ ।

### सिप छ, तर कसका लागि ?

नेपालमा सिप नै नभएको भने होइन, तर भएको सिपले अन्तर्राष्ट्रिय बजारमा मान्यता पाएको छैन । बानियाँका अनुसार नेपालको सिप परीक्षण र प्रमाणीकरण प्रणाली अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल छैन । 'हामीले दिने सीटीईभीटीको प्रमाणपत्रलाई धेरै गन्तव्य देशले मान्यता दिँदैनन् । दुई देशबीच सिपको पारस्परिक मान्यता सम्झौता नहुँदा यहाँबाट सिप सिकेर गए पनि त्यसले अन्तर्राष्ट्रिय बजारमा राम्रो मूल्य पाउँदैन,' बानियाँले भने ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक रमेश बखतीले समेत यो समस्या रहेको स्वीकारे । नेपालमा दिइने तालिम र गन्तव्य देशमा प्रयोग हुने प्रविधिबीच आकाश-जमिनको फरक रहेको बखतीको भनाइ छ । 'हाम्रो तालिम प्रणाली धेरैजसो म्यानुअल प्रविधिमा आधारित छ, जबकि वैदेशिक बजार स्वचालित भइसकेको छ,' बखती भन्छन्, 'यहाँको पूर्वाधार र उपकरणका आधारमा दिइएको तालिमले विदेशमा काम नलाग्ने जोखिम छ । उदाहरणका लागि दुबईको २ सय तला अग्लो भवनमा सिसा सफा गर्न चाहिने 'इराता' जस्ता विशेष तालिम दिने पूर्वाधार हामीसँग छैन ।'

यसले के देखाउँछ भने नेपालले उत्पादन गरिरहेको सिप बजार मागभन्दा फरक छ । वर्षौंदेखि वैदेशिक रोजगारीमा श्रमिक पठाउँदै आएको न्यु एरा रिक्रुटिङ प्रालिका सञ्चालक मदन शर्मा भट्टराईले तहगत व्यावसायिक तालिम दिन नसक्दा समस्या भइरहेको बताए ।

आफूहरूले 'डिमान्ड' ल्याउने क्रममा नै दक्ष जनशक्तिका आधारमा ल्याउन नसकिने बताए । अन्य देशमा दक्ष जनशक्तिका लागि नै डिमान्ड जाने गरेको तर नेपालमा जनशक्ति नै दक्ष नभएपछि त्यही अनुसार ल्याउन नसकिने बताए । 'भारतमा विद्यालय तह (कक्षा ९) बाटै एसी मेकानिक, प्लम्बर जस्ता विषयमा तहगत व्यावसायिक तालिम दिइन्छ । हाम्रोमा यस्तो प्रणालीको अभाव छ, जसले गर्दा हाम्रो जनशक्ति प्रतिस्पर्धी हुन सकेको छैन,' भारतको उदाहरण दिँदै उनले भने ।

भट्टराईले नेपालमा दक्ष जनशक्ति अभाव नभई उनीहरूलाई पहिचान गर्ने प्रणाली अभाव रहेको बताए । 'खाडीमा वर्षौं काम गरेर सिप र अनुभव हासिल गरेका लाखौं नेपाली छन् । उनीहरूको अंग्रेजी कमजोर होला, तर काममा पोख्त छन् । तर, समस्या उनीहरूलाई कसरी सम्पर्क गर्ने भन्ने हो,' उनी भन्छन् । दक्ष कामदार खोज्ने प्रक्रिया नै अव्यवस्थित रहेको उनको बुझाइ छ । 'पत्रपत्रिकामा विज्ञापन छापेर र सामाजिक सञ्जालमा बुस्टिङ गर्न पाइयो भने दक्ष जनशक्ति सजिलै पाइन्छ । फोन गरेर एकेक जना खोज्न सम्भव छैन,' उनी भन्छन् ।

दक्ष जनशक्ति गाउँ-गाउँमा भए पनि उनीहरूसम्म अवसर पुग्ने संयन्त्र नभएको उनको भनाइ छ । समस्या सिप अभावभन्दा सिप र अवसरबीचको 'कनेक्सन' अभाव भएको बताए ।

यस्तो समस्या समाधान गर्न सरकारले त्रिपक्षीय रणनीति अघि सारेको देखिन्छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरे सरकारले स्वदेशी उद्योग, विदेशबाट फर्केका श्रमिक र गन्तव्य देशसँगको सहकार्य एकसाथ अघि बढाएको बताउँछन् । सरकारले सिप र दक्षतामा देखिएको समस्या समाधान गर्न सरकारले विभिन्न योजना अघि सारेको छ ।

### स्वदेशी उद्योगसँग सहकार्य

प्रवक्ता घिमिरेका अनुसार नेपालका सुनचाँदी, जुत्ता र गार्मेन्ट व्यवसायमा विदेशी कामदारको बाहुल्य घटाउन सरकारले निजी क्षेत्रका करिब २० संस्थासँग सम्झौता गरेको छ । 'निजी क्षेत्रले आफ्नो आवश्यकता अनुसार पाठ्यक्रम बनाउने र हामीले सोही अनुसार तालिम दिने सहमति भएको छ,' घिमिरे भन्छन्, 'यसले आन्तरिक बजारमा दक्ष जनशक्ति उत्पादन गर्न मद्दत पुग्ने छ ।'

### विदेशबाट फर्केका श्रमिकको पुनः एकीकरण

विदेशबाट फर्केकाहरू सिप, पूँजी र अनुभवका खानी हुन् । उनीहरूलाई लक्षित गरी 'स्किलिङ र रि-स्किलिङ' कार्यक्रम सञ्चालन गरिएको छ, ताकि उनीहरूले ल्याएको ज्ञान र पूँजी नेपालमै लगानी गर्न सकून् ।

### गन्तव्य देशसँग नयाँ नीतिगत सहकार्य

सरकारले अब गन्तव्य देशलाई पनि जिम्मेवार बनाउने नीति लिएको छ । 'हाम्रो प्रस्ताव स्पष्ट छ । तिमीलाई कामदार चाहिएको हो भने नेपालका तालिम संस्थाहरूलाई आर्थिक सहयोग गर, हामी तिम्रो माग अनुसार जनशक्ति तयार गर्छौं,' घिमिरेले भने, 'यसरी तालिम पाएका श्रमिकका लागि छुट्टै र उच्च तलबमान पनि सुनिश्चित हुनुपर्छ ।' नेपालले पछिल्लो समय जापान (एएसडब्लु), जर्मनी (प्राविधिक जनशक्ति) र कोरिया (ईपीएस) सँग गरेका सम्झौता सिप केन्द्रित रहेको घिमिरेको भनाइ छ ।

प्रतिष्ठानका कार्यकारी निर्देशक बखतीका अनुसार प्रतिष्ठानले आफ्नो रणनीति परिवर्तन गरेको छ । हाल आन्तरिक बजारलाई प्राथमिकता दिए पनि भविष्यमा वैदेशिक रोजगार लक्षित पाठ्यक्रम विकास गरिने छ । 'स्विस सरकारको सामी परियोजनासँग मिलेर हामी वैदेशिक रोजगार लक्षित चार वटा पाठ्यक्रम विकास गर्दैछौं,' उनले भने, 'यसका लागि व्यवसायी महासंघ, विदेशबाट फर्केका श्रमिक र अन्य विज्ञसँग छलफल गरिने छ ।'

तालिमका नाममा हुने स्रोत दुरुपयोग रोक्न अब 'थोरै तर उपयोगी' तालिम दिने उनको भनाइ छ । यसका लागि निजी क्षेत्रका तालिम प्रदायक संस्थालाई पनि अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने गरी संलग्न गराइने छ । अदक्ष श्रमिकको दुष्चक्रबाट बाहिर निस्किन गन्तव्य देशको माग, नेपालको कमजोर तालिम प्रणाली, श्रमिकको आर्थिक बाध्यता र अन्तर्राष्ट्रिय मान्यता अभाव रहेको विज्ञहरूको भनाइ छ ।

यसका लागि कूटनीतिक पहल गरेर गन्तव्य देशलाई सिप विकासमा लगानी गर्न दबाब दिनुपर्ने नेपालको भनाइ छ । बानियाका अनुसार सिप प्रमाणीकरणलाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउने र 'पारस्परिक मान्यता' का लागि सम्झौता गर्नुपर्छ । त्यस्तै तालिम केन्द्रहरूलाई आधुनिक उपकरण र प्रविधिले सुसज्जित गर्ने, विदेशबाट फर्केका र देशभित्रै रहेका दक्ष जनशक्ति पहिचान गरी अवसरसम्म जोड्ने प्रभावकारी प्रणाली बनाउनुपर्ने सुझाव नेपालको छ । त्यस्तै उच्च सिपको बजार जान चाहनेका लागि सहुलियतपूर्ण ऋण व्यवस्था गर्नुपर्ने समेत नेपालको सुझाव छ ।

*(स्रोत: अनलाइनखबर)*

साफ यू-२० महिला च्याम्पियनसिप :

# सागोरिका चम्किँदा बंगलादेश च्याम्पियन, नेपाल उपविजेता




काठमाडौं/सागोरिका एक्लैले चार गोल गरेपछि साफ यू-२० महिला च्याम्पियनसिपको अन्तिम खेलमा बंगलादेशले नेपाललाई फराकिलो अन्तरले हराएको छ । नेपाललाई ४-० गोलअन्तरले पराजित गर्दै साविक विजेता बंगलादेशले उपाधि रक्षा गरेको छ भने नेपाल फेरि उपविजेतामै सीमित भएको छ ।

पहिलो हाफमा १ गोल मात्र बेहोरेको नेपालले दोस्रो हाफमा ३ गोल बेहोरेको हो । बंगलादेशका लागि सागोरिकाले ह्रयाट्रिकसहित ४ गोल गरिन् । खेलको आठौं मिनेटमा सागोरिकाले नेपाली गोलकिपर सुजाता तामाङ अगाडि बढेको अवस्थामा उनलाई बिट गर्दै ओपन पोस्टमा गोल गरेकी थिइन् ।

दोस्रो हाफको ५१औं मिनेटमा दोस्रो गोल गरिन् भने ५८औं मिनेटमा ह्रयाट्रिक पूरा गरिन् । ७७औं मिनेटमा सागोरिकाले फेरि गोल गर्दै अग्रता ४-० मा पुर्‍याइन् ।

बंगलादेशविरुद्धको खेलमा नेपाली खेलाडीहरू निरीह देखिएका थिए । नेपाललाई आजको खेल जित्नैपर्ने दबाब थियो । यसअघि बंगलादेशसँगको अघिल्लो भेटमा पनि नेपाल ३-२ ले पराजित भएको थियो । उक्त खेलमा नेपालकी डिफेन्डर सिम्रन राईसँगै रातो कार्ड पाएर ३ खेल गुमाएपनि सागोरिकाले आज उत्कृष्ट पुनरागमन गर्दै एक्लै खेलको नायिका बनिन् ।

बंगलादेश ६ वटै खेल जितेर १८ अंक जोड्दै शीर्षस्थानमा रहेर च्याम्पियन बन्यो । यस्तै नेपालले ४ जित र २ हारसहित १२ अंक मात्र जोडेर दोस्रो भयो । नेपालले भुटानलाई ६-१ र ८-० तथा र श्रीलंकालाई दुवै खेलमा ७-० गोलअन्तरले हराएको थियो ।

### सर्वाधिक गोलकर्ता पूर्णिमा राई

पूर्णिमा राई बंगलादेशमा सम्पन्न साफ यू-२० महिला च्याम्पियनसिपको सर्वाधिक गोलकर्ता बनेकी छन् । ६ खेलमा कुल १० गोल गरेकी पूर्णिमाले सर्वाधिक गोलकर्ताको अवार्ड जितेकी हुन् । उनको नाममा दुई ह्याट्रिक समेत रहेको थियो ।

यस्तै बंगलादेशकी सागोरिका मोस्ट भ्यालुएबल प्लेयर घोषित भइन् । उनले सोमबारको अन्तिम खेलमा नेपालविरुद्ध एक्लै चार गोल गरेकी थिइन् ।

नेपालविरुद्धको खेलमा रातो कार्ड पाएर ३ खेलका लागि सस्पेन्ड भएपनि सागोरिकाले उत्कृष्ट पुनरगामन गरेकी हुन् । त्यस्तै उत्कृष्ट गोलकिपर बंगलादेशकी मिली अख्तर घोषित भइन् भने फेयर प्ले अवार्ड श्रीलंकाले जित्यो ।

# भारतमा 'सैयारा'को धमाका, तीन दिनमा ८५ करोड कमाइ



काठमाडौं/न फ्रेन्चाइज फिल्म । न कुनै स्टार कलाकार । न कुनै पर्वमा रिलिज । न प्रचारका लागि कुनै सहरको भ्रमण या मिडिया अन्तर्वार्ता । यसका बाबजूद पनि भारतीय बक्स अफिसमा फिल्म 'सैयारा'ले धमाका मच्चाएको छ । गीतको लोकप्रियता र ट्रेलरले बनाएको 'हाइप'ले फिल्मलाई नसोचेको ओपनिङ दिलायो । यो सन् २०२५ को सबैभन्दा ठूलो ओपनिङ हासिल गर्ने चौथो फिल्म बनेको छ ।

'सैयारा'ले झन्डै २२ करोडको ओपनिङ गरेको थियो । दोस्रो दिन फिल्मको व्यापार झन् आक्रामक रह्यो । शनिबार फिल्मले २६ करोड २५ लाखको व्यापार गरेको थियो । आइतबारको सार्वजनिक विदामा फिल्मले भारतीय बक्स अफिसमा थप उछाल कायम गरेको छ । फिल्मले तेस्रो दिन ७५-८० प्रतिशत अकुपेन्सीसहित ३७ करोड कमाइ गरेको ट्रेड पोर्टल 'स्याकनिल्क'ले जनाएको छ ।

योसँगै फिल्मको तीन दिनको कुल व्यापार ८५ करोड पुगेको छ । यो नेट कमाइ हो । ४५ करोडको लागतमा बनेको फिल्मले दुई दिनमै लगानी सुरक्षित गरेर मुनाफासहित 'हिट'को ट्याग पाइसकेको छ । फिल्मको व्यापारिक रफ्तार हेर्दा यसको कमाइ २ सय करोड नाघ्ने देखिन्छ । सोमबारको कमाइबाट फिल्मले एक सय करोडको आँकडा नघाउन सक्ने ट्रेड एनालिस्टहरुको प्रक्षेपण छ ।

प्रदर्शनको तीन दिनमा 'सैयारा'ले कमाइको मामलामा बलिउडका ठूला स्टारका ६ वटा फिल्मलाई पछि पारिसकेको छ । 'रेड २', 'स्काइ फोर्स', 'जाट', 'सितारे जमिन पर', 'केशरी च्याप्टर २' र 'भूल चुक माफ'ले तीन दिनमा गरेको कमाइभन्दा 'सैयारा'को बढी छ । सोमबारको कमाइबाट यो फिल्मले सलमान खान अभिनीत फिल्म 'सिकन्दर'को चार दिने कलेक्सनलाई पनि उछिन्नेछ ।

'आशिकी २', 'एक भिलेन' जस्ता फिल्मका निर्देशक मोहित सूरीको निर्देशनमा बनेको यो म्यूजिकल ड्रामामा अहान पाण्डे र अनीत पड्डा मुख्य भूमिकामा छन् । दुवैको यो डेब्यु फिल्म हो । तर, पहिलो फिल्म भए पनि उनीहरु अभिनयमा सशक्त देखिएका छन् । अहान बलिउड अभिनेता चंकी पाण्डेका भतिज हुन् । उनले डेब्युपूर्व तीनवटा फिल्ममा सहायक निर्देशक भएर काम गरेका थिए ।

# थ्रिलर कथामा 'होस्टेल'को चौथो श्रृंखला बन्ने

काठमाडौं/नयाँ कलाकार उत्पादन गर्ने सिरिजका रुपमा चिनिएको फिल्म 'होस्टेल'को चौथो श्रृंखला पनि निर्माण हुने भएको छ । गत वर्षको फागुनमा प्रदर्शन भएको 'होस्टेल ३' व्यावसायिक रुपमा सफल भएपछि सोही समूहले 'होस्टेल अगेन' शीर्षकमा फिल्म बनाउन लागेको हो । सोमबार निर्माताले थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरेका हुन् ।

पोस्टरमा रगत लतपतिएको चक्कुले गुलाबको फूल र आधा च्यातिएको डायरीको पानालाई थिचेको देखिनुले यो फिल्म 'होस्टेल' सिरिजका अघिल्ला टीनएज ड्रामाभन्दा फरक हुने अनुमान गर्न सकिन्छ । चक्कु र गुलाबको संयोजनले प्रेम र द्वन्द्वलाई दर्शाउँछ । निर्देशक सशान कँडेलका अनुसार फिल्म थ्रिलर र सस्पेन्स कथामा बन्नेछ । यसअघि उनले 'होस्टेल ३' निर्देशन गरेका थिए ।

फिल्ममा निर्देशक कँडेलसँगै लेखक माधव शर्मा, निर्माण कम्पनीहरू सम्मान इन्टरटेन्मेन्ट र आरोन कन फिल्म्स एवम् कार्यकारी निर्माता शङ्कर कोइराला पनि दोहोरिएका छन् । अघिल्ला श्रृंखलाले झैं 'होस्टेल अगेन'ले पनि नयाँ प्रतिभाहरूलाई जन्माउने अपेक्षा गरिएको छ । फिल्ममा कलाकारहरू भने तय भएका छैनन् ।

'होस्टेल ३' रिलिजपछि यसको निर्माण समूहले गत चैतमा 'बाउ भर्सेज छोरा' नामक फिल्म पनि घोषणा गरेको थियो । तर, यसमा अनुबन्ध भएका पदम तामाङ सहितका कलाकारहरूको समय व्यस्तताका कारण उक्त फिल्म अर्को वर्षलाई सारिएको निर्देशक कँडेलले बताए । उनका अनुसार 'होस्टेल अगेन' भने यसै वर्ष बन्नेछ ।

# विपद पूर्वतयारी : कर्मचारी बिदा बस्न नपाउने, डेंगीविरुद्ध ३ महिने अभियान चलाउने

काठमाडौं/सरकारले मनसुनजन्य विपदलाई मध्यनजर गर्दै कर्मचारीहरुलाई अत्यावश्यक बाहेक कार्यस्थल छाड्न र बिदा बस्न रोक लगाएको छ । साथै भौतिक रुपले उपस्थित हुने गरी बैठक वा गोष्ठी आयोजना गर्न पनि रोक लगाइएको छ । सोमबार बसेको नेपाल सरकारका सचिवहरुको बैठकले तीनै तहका सरकारका कर्मचारीहरुका लागि यो निर्णय गरेको हो ।

निर्णयको बुँदानम्बर ४ (ख)मा लेखिएको छ, 'मनसुनको कारणबाट हुनसक्ने सम्भावित विपदलाई मध्यनजर गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरु अत्यावश्यक काममा बाहेक कार्यस्थल नछाड्ने र बिदामा नबस्ने । जिल्लास्थित कार्यालय प्रमुखहरुले प्रमुख जिल्ला अधिकारीसँग समन्वय नगरी बिदा नबस्ने । संघीय मन्त्रालयहरुले अत्यावश्यक बाहेक प्रदेशका निकायमा कार्यरत कर्मचारीहरुलाई भौतिक रुपले उपस्थित हुने गरी बैठक गोष्ठीमा आमन्त्रण नगर्ने ।'

सचिवहरुको बैठकले मनसुनजन्य विपद व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालय/निकाय, सुरक्षा निकाय, विकास साझेदार, संयुक्त राष्ट्रसंघीय निकाय, रेडक्रस अभियान तथा गैरसरकारी एवम् सामुदायिक संस्थाहरुले आवश्यक पूर्वतयारी तथा खोज, उद्धार र राहतका कार्यहरु गृहमन्त्रालय तथा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण समन्वयमा प्रभावकारी ढंगले गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ । लाइफलाइन सडकमा भएका अवरोध तत्काल हटाउने व्यवस्था मिलाउने जिम्मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दिइएको छ ।

### डेंगीविरुद्ध ३ महिना अभियान चलाउने

यसैगरी मनसुनका बेला बढ्ने डेंगी संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तीनै तहका सरकारले तीन महिनासम्म अभियान चलाउने निर्णय पनि भएको छ ।

सचिव बैठकले गरेको निर्णय अनुसार साउन, भदौ र असोज महिनासम्म अभियान सन्चालन हुनेछ । यो अवधिमा लामखुट्टेको बासस्थान र लार्भा खोजेर नष्ट गरिनेछ । त्यसका लागि बिहान साढे ९ बजेदेखि सरसफाइ कार्यक्रम तथा प्रचार प्रसार अभियान सन्चालन गरिने छ ।

लामखुट्टेको टोकाइबाट हुने डेंगी संक्रमण नेपालको एक प्रमुख स्वास्थ्य समस्या हुने गरेको छ । मनसुनको बेला जतातत्तै पानी जम्ने र त्यहाँ लामखुट्टेले बच्चा हुर्काएर संख्या बढाउने भएकाले यसलाई रोक्नु चुनौतिपूर्ण हुने गरेको छ । नेपालमा २०६१ सालदेखि डेंगी संक्रमण सुरु भएको थियो । त्यसयता यो रोग प्रत्येक वर्ष कहिले महामारीको रुपमा त कहिले छिटपुट रुपमा देखिँदै आएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार २०८० साल वैशाखदेखि पुस महिनासम्म ७७ वटै जिल्लामा डेंगी संक्रमण फैलिएर प्रकोपको रुप लिएको थियो । त्यसैले मन्त्रालयले २०८१ सालमा डेंगी रोकथाम तथा नियन्त्रण कार्ययोजना जारी गरेको थियो । सोही कार्ययोजना अनुसार लामखुट्टेको बासस्थान र लार्भा नष्ट खोजी गरी नष्ट गर्ने, सरसफाइ गर्ने अनि स्वास्थ्य सचेतनाका कार्यक्रम चलाउने काम अभियानकै रुपमा चलाउने गरिएको छ ।

साथै सर्पदंशबाट हुने मृत्युदर घटाउन सचेतना, जोखिम न्यूनीकरण र उपचारको प्रभावकारी व्यवस्था मिलाउने निर्णय समेत भएको छ । यी व्यवस्था मिलाउने जिम्मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिइएको छ ।

सुख्खाग्रस्त क्षेत्र घोषित मधेश प्रदेशमा खानेपानी तथा सिंचाइको समस्या समाधानका लागि आवश्यक पहल र समन्वय गर्न गृह मन्त्रालयले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिने निर्णय पनि सचिव बैठकले गरेको छ ।

स्थानीय स्तरको पहलबाट समाधान हुन नसक्ने खानेपानी, कृषि तथा सिंचाइजन्य समस्या समाधानका लागि प्रदेश तथा केन्द्र सरकारबाट गर्ने निर्णय पनि भएको छ । तर त्यसका लागि मधेश प्रदेशका सबै जिल्लाका विपद व्यवस्थापन समितिको बैठकबाट आवश्यक निर्णय हुनुपर्ने छ ।

सो निर्णय अनुसारको विवरण गृह मन्त्रालयमार्फत् प्रधानमन्त्री कार्यालयमा उपलब्ध गराउने निर्णय समेत सचिव बैठकबाट भएको छ । नेपालको अन्नभण्डार भनिने तराई मधेशमा यतिबेला खडेरीसँगै खानेपानीको हाहाकार छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## ५ वर्षमुनिका १९ प्रतिशत बालबालिका कुपोषित

# ७ प्रतिशत बालबालिकाको १४ वर्षभित्रै हुन्छ विवाह



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ नेपालमा बालविवाहको दर अझै पनि उच्चरहेको सरकारी तथ्यांकले देखाएको छ । राष्ट्रिय बालअधिकार परिषद्को बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०८१ ले नेपालमा अझैपनि बालविवाहको दर उच्च रहेको देखाएको हो ।

सोमवार प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिको बैठकमा प्रतिवेदन प्रश्तुत गर्दै परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले यस्तो जानकारी दिएका हुन् । उनका अनुसार जनसंख्याको आधारमा ५४ हजार भन्दा बढी बालबालिकाले १८ वर्ष भन्दा कम उमेरमै विवाह गर्ने गरेका छन् । यसमध्ये ७ प्रतिशत बालबालिका १० देखि १४ वर्षको उमेरमै विवाह गर्ने गरेका छन् भने २२ दशमलब ३ प्रतिशत बालबालिका १५ देखि १७ वर्षको उमेरमा विवाह गर्दछन् । सूचना अधिकारी चन्दले समग्रमा बालविवाहको औसत उमेर १६ वर्ष रहेको बताए । उनले बालबालिकाको स्वास्थ्य सम्बन्धी तथ्यांक चिन्ताजनक रहेको उल्लेख गरे ।

उनले ५ वर्षमुनिका १९ प्रतिशत बालबालिकाको तौल सामान्यभन्दा कम रहेको बताए । उनका अनुसार बाल स्वास्थ्यको अवस्था मधेश प्रदेशमा सबैभन्दा कमजोर रहेको देखाएको छ । 'जनसंख्याको आधारमा ५४ हजार भन्दा बढी बालबालिकाको १० वर्षमुनि विवाह भएको छ । १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने बालबालिका ७ प्रतिशत रहेका छन् । १५ देखि १७ वर्षमा विवाह गर्नेहरु २२.३ प्रतिशत रहेका छन् । समग्रमा अहिले बालविवाह ३० प्रतिशत रहेको अवस्था देखिन्छ ।

हाम्रो मुलुकी अपराध संहितामा विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । सूचनाअधिकारी चन्दले भने, 'नेपालको सन्दर्भमा ५ वर्षमुनिका तौल नपुगेका बालबालिका १९ प्रतिशत रहेका छन् । प्रदेशको हिसावमा सबैभन्दा बढी मधेश प्रदेशमा २७ प्रतिशत रहेको छ । सबैभन्दा कम बागमती प्रदेशमा राम्रो अवस्था देखिन्छ । नेपालमा उचाई नपुगेको बालबालिका कुल बालबालिकाको २५ प्रतिशत रहेका छन् । सूचना अधिकारी चन्दले सरकारले बाल अधिकार संरक्षण र बालस्वास्थ्यमा सुधार गर्न नीतिगत सुधार गर्न जरुरी रहेको बताए ।

# विद्यार्थीलाई छात्रवृत्ति प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ हेटौंडा उपमहानगरपालिका-३ मा रहेको महेन्द्रकिरण माध्यमिक विद्यालयमा अध्ययनरत् गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ ।

ललितपुरस्थित कोन्योसोम इलाका प्रहरी कार्यालयका वरिष्ठ प्रहरी हवल्दार एवम् सोही विद्यालयका पूर्वविद्यार्थी राकेश घलान र विद्यालय व्यवस्थापन समितिका जेष्ठ तथा वरिष्ठ सदस्य धनबहादुर घलानको संयुक्त सहयोगमा १० हजार रुपैयाँ छात्रवृत्तिका लागि विद्यालयलाई प्रदान गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक समिर लामाले सहयोगी व्यक्तित्वप्रति विद्यालयको तर्फबाट धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र साथका लागि अपेक्षा राखेका छन् । उनले यस प्रकारको सहयोगले विद्यार्थीसहित सम्पूर्ण विद्यालय परिवारलाई उत्साहित बनाएको बताए ।

# स्थापना दिवसमा वृद्धाश्रममा खाद्यान्न वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ हेटौंडा-७ नागस्वतीस्थित अनमोल ब्युटी पार्लर तथा ट्रेनिङ सेन्टरले आइतबार आफ्नो १७ औं स्थापना दिवसको अवसरमा हेटौंडा-१५ मा रहेको दिव्यसेवा निकेतन वृद्धाश्रममा खाद्यान्न वितरण तथा नि:शुल्क मेहेन्दी सेवा कार्यक्रम गरेको छ ।

पार्लरकी सञ्चालक उर्मिला अधिकारीका अनुसार करिब ७ हजार रुपैयाँ बराबरको खाद्यान्न सहयोग गरिएको हो । कार्यक्रममा वृद्धाश्रममा बसोबास गर्ने आमासहित करिब १ सय जनालाई नि:शुल्क मेहेन्दी लगाइएको थियो । यसै अवसरमा १७ औं स्थापना दिवसको प्रतीकस्वरुप १७ जनालाई गोलाप्रथा मार्फत छानी नि:शुल्क जेननेल एक्सटेन्सन सेवा प्रदान गरिने जानकारी दिइएको छ ।

ट्रेनिङ सेन्टरमार्फत् तालिम लिएर थुप्रै महिलाले आत्मनिर्भर जीवनशैली अपनाएका छन् र स्वरोजगार बनेका छन् । सामाजिकसेवामा सक्रिय रहँदै आएको अनमोल ब्युटी पार्लरले हरेक वर्ष स्थापना दिवसको अवसरमा विभिन्न सामाजिक कार्य गर्दै आइरहेको संन्चालक अधिकारीले जानकारी दिएका छन् ।

# करार कर्मचारी पनि सामाजिक सुरक्षाकोषमा आबद्ध




साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ बाट करारका कर्मचारीलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षाकोषमा आबद्ध गराउने योजना बनाएको छ ।

प्रदेश सरकारको स्वीकृत दरबन्दीभित्र करारसेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गरिने भएको हो । यसका लागि रोजगारदाता र योगदानकर्ता १०-१० प्रतिशत योगदानसहितको नेपाल सरकारले बनाउने प्याकेजबमोजिम कार्यान्वयन गरिने भएको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख गरेअनुसार प्रदेश सरकारको स्वीकृत दरबन्दीभित्र करार सेवामा कार्यरत कर्मचारी योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेछन् ।

कोषले औषधिउपचार तथा स्वास्थ्यसेवा सुरक्षायोजना, मातृत्व सुरक्षायोजना, दुर्घटना सुरक्षायोजना, अशक्तता सुरक्षायोजना, वृद्ध अवस्था सुरक्षायोजना, आश्रित परिवार सुरक्षायोजना, कोषले तोकेको अन्य सुरक्षायोजना सञ्चालन हुने छ ।

बागमती प्रदेशको चालु आर्थिक वर्षका बजेट तथा कार्यक्रमले सार्वजनिक प्रशासन र सार्वजनिक खर्च कटौतीलाई जोड दिएको मन्त्री काफ्लेले बताए । सार्वजनिक खर्चमा मितव्ययिता ल्याउन र फजुल खर्चलाई कम गर्न दोहोरो कार्यक्षेत्र भएका संरचनालाई गाभ्ने र खारेज गरिने भएको छ ।

बागमती प्रदेशको युवा तथा खेलकुद मन्त्रालयअन्तर्गतको प्रदेश खेलकुद विकास परिषद् र प्रदेश युवा परिषद्लाई गाभेर प्रदेश युवा तथा खेलकुद विकास परिषद् बनाइने भएको छ । यसबाट प्रदेश सरकारको सार्वजनिक खर्चमा कटौती हुने मन्त्री काफ्लेको भनाइ छ । यसैगरी प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश सहकारी विकास बोर्ड र अन्य अनावश्यक संरचना खारेज गर्ने नीति प्रदेश सरकारले लिएको छ । प्रदेश दुग्ध विकास बोर्डबाट हुने अधिकांश काम जिल्लास्थित पशुसेवा कार्यालयबाट हुने गरेको छ, जसले काममा दोहोरोपनासमेत देखिएको छ । प्रदेश सहकारी विकास बोर्डलाई खारेज गर्ने गरी बजेट वक्तव्यमा उल्लेख गर्दै भन्दै काफ्लेले दोहोरो कार्यक्षेत्र भएका संरचनालाई प्रदेश सरकारको खर्चमा कटौती हुने बताएका छन् ।

यस्तै प्रदेश सरकारले साउन १ गतेदेखि लागु हुनेगरी महँगीभत्ता पाँच हजार रुपैयाँ बागमती प्रदेश सरकार अन्तर्गतका स्वीकृत दरबन्दीका कर्मचारीलाई उपलब्ध गराउने भएको छ । प्रदेश सरकारले चालु आवका लागि करको दायरा बढाउनुका साथै केही करका दरमा हेरफेरसमेत गरेको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले घरजग्गा रजिस्ट्रेसन शुल्क, सेवाशुल्क र रोक्का दस्तुर, सवारीसाधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तरबहत्तर शुल्क, वातावरणीय सेवाशुल्क, कृषिसेवाशुल्क, प्रयोग सेवा शुल्क लगायत राजस्व करको निर्धारण र संकलन गर्दै आएको छ ।

# सञ्चारिकाले साम्बालाई सम्मान गर्ने, जोशीद्वारा नगद प्रायोजन

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ हेटौंडा स्कुल अफ म्यानेजमेन्टका सञ्चालक एवम् शिक्षाविद् पुरण बहादुर जोशीले नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान साबित्रा भण्डारी 'साम्बा' लाई सम्मान गर्नका लागि नगद प्रायोजन गर्ने भएका छन् ।



संचालक जोशीले यही साउन १७ गते सञ्चारिका समूह नेपाल, मकवानपुरले आयोजना गर्ने 'देश चिनाउनेसँग हाम्रो चिनजान' विषयक विशेष कार्यक्रममा सहभागी हुन आउने साम्बालाई सम्मान गर्नका लागि नगद ५० हजार रुपैयाँ प्रायोजन गर्ने भएका हुन् । संचालक जोशीले आफू सँधैं महिला सशक्तिकरणको पक्षमा रहेको बताउँदै सञ्चारिका समूह मकवापुर लाई पहिलोपटक सहयोग गर्न पाएकोमा खुशी व्यक्त गरेका छन् ।

पहिलोपटक महिला पत्रकारले सहयोग मागेको छ । म सँधै महिलालाई सम्मान गर्दछु,' उनले भने, 'महिला सशक्तिकरणमा मेरो सँधै साथ रहनेछ ।' आफूले यसअघि पनि विभिन्न क्षेत्रमा सहयोग गरेको बताउँदै आगामी दिनमा पनि यस्ताखाले कार्यक्रमको लागि आर्थिक मात्र नभई अन्य तरिकाले पनि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । सम्मानका लागि नगद प्रायोजन गर्ने जोशीलाई सञ्चारिका समूह नेपाल, मकवानपुरकी अध्यक्ष सानुमाया गुरुङले धन्यवाद व्यक्त गरेकी छन् ।

संचारिका समूह नेपाल सञ्चारक्षेत्रमा कार्यरत महिलाको साझा संस्था हो । २०५२ सालमा स्थापना भएको सञ्चारिका समूहले विशेषरुपमा महिला पत्रकारको हकहितका लागि काम गर्दै आएको छ । साथै, सञ्चारक्षेत्रमा महिलाको क्षमता अभिबृद्धि लैङ्गिकसमानता, मानवअधिकार लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी विषयमा प्रशिक्षण, अनुसन्धान, वकालत तथा अन्य गतिविधि सञ्चालन गर्दै आइरहेको छ ।

# देशभरका शिवालयमा उल्लेख्य भिड

साझाकुरा संवाददाता

हेटौंडा, ५ साउन/ साउन सुरु भएसँगै सोमबारको विशेष महत्व लिएर साउनको पहिलो सोमबार परेको अवसरमा हेटौंडा उपमहानगरका विभिन्न शिव मन्दिरमा श्रद्धालुभक्तजनको उल्लेख्य भीड देखिएको थियो ।



साउन महिनालाई विशेषगरी शिवभक्तको लागि पवित्र महिनाकारुपमा लिइन्छ । यसैक्रममा बिहानैदेखि भक्तजनहरु व्रत बसी जल, बेलपत्र, धतुरो, आँक, दूध र गंगाजल चढाउँदै भगवान शिवको आराधना गर्न शिवालायमा लामबद्ध देखिएका थिए । हेटौंडाको पशुपति मन्दिर परिसरमा बिहान ५ बजेदेखि नै पूजा गर्नको लागि भक्तजनको लाइन लागेको थियो ।

कैलाशधाम, सिद्धि विनायक शिव मन्दिर, मकवानपुरका बिभिन्न स्थानीय तहका शिवालयमा भक्तजनको घुइँचो लागेको थियो । कतिपय श्रद्धालुहरु घर-घर बाट जल भरिएको कलश बोकी मन्दिर आइपुगेका थिए । साउनको सोमबार व्रत बस्दा मनोकांक्षा पूरा हुने विश्वासका साथ महिला, पुरुष, युवा, बालबालिकादेखि वृद्धवृद्धासम्म शिवजीको दर्शन गर्न आएका थिए । कतिपय नवविवाहित महिलाले पतिको दीर्घायु र सुसंस्कारको कामना गर्दै व्रत बसेका थिए ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना